# नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) सम्बन्धी जिज्ञासा र जवाफ

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) लिमिटेडले सञ्चालनमा ल्याएको अनलाइन ट्रेडिङ सिस्टम प्रयोग सम्बन्धमा सर्वसाधारणले व्यक्त गरेका जिज्ञासालाई सम्बोधन गर्न यो जानकारीमूलक सामग्री तयार गरिएको हो।

## अनलाइन प्रयोग गर्न युजरनेम र पासवर्ड कहाँबाट लिन सकिन्छ?

नेप्सेका सदस्यता प्राप्त धितोपत्र दलालहरू (ब्रोकर) तथा उपत्यका बाहिर रहेका तिनका शाखाबाट NOTS प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ।
धितोपत्र दलालहरूको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट
www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छन्।

## युजरनेम र पासवर्ड निःशुल्क हो?

हो, युजरनेम र पासवर्ड निःशुल्क प्रदान गरिन्छ।

## ट्रेड म्यानेजमेन्ट सिस्टम (TMS) भनेको के हो?

लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीसँग जोड्ने माध्यमलाई TMS भनिन्छ।
TMS बाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्टि गर्न सक्छन्। सदस्य ब्रोकरले यो माध्यम लगानीकर्ताको मोबाइल वा ल्यापटपमा उपलब्ध गराउँछन्।

## TMS मा प्रयोगकर्ताको भूमिका के हुन्छ?

नेप्से अनलाइन ट्रेडिङ सिस्टम Role Based Content Management प्रणाली भएकाले ब्रोकरको Admin User ले आफ्नो Internal User तथा Client हरूलाई आवश्यकताअनुसार Role प्रदान गर्न सक्छ।
यसबाट कुन प्रयोगकर्तालाई कस्तो प्रकारको Menu वा Function दिने भन्ने व्यवस्था गर्न सकिन्छ।

## TMS मार्फत ब्रोकर तथा प्रयोगकर्ताले के–के गर्न सक्छन्?

ब्रोकर तथा Online Client ले Buy/Sell Order राखेर कारोबार गर्न सक्छन्।
Order को हरेक अवस्थाको जानकारी Order Book मा हेर्न सकिन्छ।

उदाहरण:

Order Match नभएको भए **Open Status**

Order पूरा भएको भए **Completed**

Order Cancel भएको भए **Cancel**

आंशिक कारोबार भएको भए **Partially Trade**

Order अस्वीकार भएको भए **Rejected**

Order Reject वा Cancel भएको अवस्थामा त्यसको कारण पनि हेर्न सकिन्छ।
अनलाइन लगानीकर्ता तथा ब्रोकरका लागि TMS मा आफ्ना पुराना Order तथा कारोबार हेर्ने सुविधा पनि उपलब्ध हुन्छ।

### हितग्राही खाता र कारोबार खाता किन आवश्यक हुन्छ?

लगानीकर्ताको एउटा हितग्राही (Demat) खातालाई सदस्य ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग आबद्ध गरेपछि मात्र NOTS मा कारोबार गर्न सकिन्छ।
यसले कारोबार पछिको राफसाफ तथा फछ्र्यौटलाई सहज बनाउँछ।

### अनलाइन कारोबार सुविधा लिएका लगानीकर्ताले Offline कारोबार गर्न सक्छन् कि सक्दैनन्?

Online User ले ब्रोकरमार्फत वा आफैंले खरिद–बिक्री आदेश प्रविष्टि गरेर कारोबार गर्न सक्छन्।
लगानीकर्ताले कुनै पनि ब्रोकरमा खाता खोल्दा Offline वा Online भन्ने जानकारी गराउनुपर्छ।

### अनलाइन भुक्तानी / Fund Transfer कसरी गर्ने?

ग्लोबल आईएमई, नेपाल इन्भेस्टमेन्ट, प्रभु र सिद्धार्थ गरी चार वटा Clearing Bank नेप्से TMS सँग आबद्ध छन्।
Trade Management System मार्फत सम्बन्धित बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा Fund वा Collateral Transfer गरेर कारोबार गर्न सक्छन्।

नेपाल क्लियरिङ हाउस लिमिटेडसँग आबद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ।

### कारोबार सीमा भनेको के हो?

ब्रोकरले हरेक लगानीकर्तालाई आवश्यकताअनुसार कारोबार सीमा (Trading Limit) प्रदान गरेका हुन्छन्।

ब्रोकरले आफ्नो TMS बाट कुन User ले कति धितो (Collateral) प्रयोग गरेको छ भन्ने जानकारी पनि प्राप्त गर्न सक्छन्।

## कारोबारका लागि किन धितो जम्मा गर्नुपर्छ?

कारोबार गर्नका लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ।

जम्मा गरिएको धितोको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा प्रदान गर्छन्।

## Market Watch र Market Depth बाट के गर्न सकिन्छ?

Market Watch / Market Depth तथा Buy/Sell Window मा गई कारोबारको आदेश प्रविष्टि गर्न सकिन्छ।

Market Depth Window मा रहेको Buy/Sell Button मा Click गरेर सिधै आदेश प्रविष्टि गर्न सकिन्छ।

यसरी गर्दा Buy/Sell Stock Menu मा छुट्टै जान आवश्यक पर्दैन।

**नेपाल स्टक एक्सचेञ्ज लि.**

**पो. ब. नं. : १४५७**

**यूएन पार्क मार्ग, भद्रकाली, काठमाडौं।**